बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# पशु सेवा कार्यालय

लगनखेल, ललितपुर
(कार्यक्षत्रः काठमाण्डौ, ललितपुर र भक्तपुर)

पत्र संख्या ०८१।०८२
चलानी नंम्वर २४४

मितिः- २०८१/९/४

श्री स्थानिय तह सवै,
महानगर कार्यपालिकाको कार्यलय/नगर कार्यपालिकाको कार्यलय/गाँउ कार्यपालिकाको कार्यलय,
जिल्ला काठमाण्डौ/ भक्तपुर र ललितपुर ।

विषयः सूचना टाँस सम्बन्धमा ।

प्रस्तुत विषयमा यस कार्यालयको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार " **बंगुर प्रवर्द्धन कार्यक्रम, दुध उत्पादन वृद्धि (दुध जोन)"** कार्यक्रम पशु आहारामा आत्मनिर्भर कार्यक्रमहरुको प्रस्ताव आँव्हान सम्वन्धी दोश्रो पटकको सूचना प्रकाशन भएको र खरायोको मासु प्रवर्द्धन तथा वजारीकरण कार्यक्रमको प्रथम पटक प्रकाशन भएको सुचना यसै पत्र साथ संलग्न राखी पठाइएको छ ।उक्त सुचना तहाँ कार्यालयमा टाँस गरी सहयोग गरिदिनु हुन अनुरोध छ।

डा. प्रभात न्यौपाने
वरिष्ठ मत्स्य विकास अधिकृत
(कार्यालय प्रमुख)

डा. प्रभात न्यौपाने
प्रमुख
व. म. वि. अ.
अधिकृतस्तर नवौं

फोन नः ०१-५४४७३७७/०१-५४४२४४९ वेवसाईट : www.vhleclalitpur.bagamati.gov.np ईमेल :vhlseclalitpur@gmail.com

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# पशु सेवा कार्यालय

लगनखेल, ललितपुर (कार्यक्षेत्रः काठमाण्डौं, भक्तपुर, ललितपुर)

## प्रस्ताव आव्हानको सूचना

सूचना नं. ४

**प्रथम पटक प्रकाशित मितिः २०८१/०९/४**

यस पशु सेवा कार्यालय, ललितपुरको आ.व. २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कार्यक्रम संचालन गर्न इच्छुक एवं मापदण्ड पुरा गरेका गर्ने कृषक समूह/कृषि सहकारीले तोकिएको समय सीमा भित्र आवश्यक कागजात सहित कार्यालय समय भित्र यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र आवेदन दर्ता गराउनु हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगि तथा म्याद नाघि दर्ता हुन आएका प्रस्तावहरु दर्ता गरिने छैन।

| क्र. सं. | कार्यक्रम | एकाई | परिमाण | कुल बजेट (लाख) | आवेदक | कार्यविधि | स्थान |
|---|---|---|---|---|---|---|---|
| १ | खरायोको मासु प्रवर्द्धन तथा बजारीकरण कार्यक्रम | पटक | १ | १० | कृषक समूह/कृषि सहकारी | एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ | काठमाण्डौं, भक्तपुर र ललितपुर |

**संलग्न गर्नुपर्ने कागजातहरु**

१. कृषक समुह/कृषि सहकारीको अध्यक्षको नेपाली नागरिकताको प्रतिलिपि
२. कृषक समूह/सहकारी/ संस्था दर्ता तथा नवीकरणको प्रतिलिपि
३. गत आ.वको लेखा परीक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
४. आवेदकको PAN वा VAT प्रमाण पत्रको प्रतिलिपि
५. कृषक समूह/सहकारीको गत आ.बको साधारण सभाको बैठक निर्णय प्रतिलिपि
६. कार्यक्रममा सहभागिता सम्बन्धी कृषक समूह सहकारीको बैठकको निर्णय प्रतिलिपि
७. कार्यक्रममा सहभागी हुने सम्भावित कृषक समूह/ सहकारी संस्थाले प्रोत्साहन माग गर्दा अनिवार्य रुपमा कृपक छनौट गरी कृषकको नाम र ठेगाना खुलाईएको पत्र
८. कार्यक्रममा सहभागि गराईदिने सम्वन्धी सम्बन्धित स्थानीय तहको सिफारिस (पशु सेवा शाखाबाट खरायोको संख्या समेत खुलाउनुपर्ने)
९. अन्य आवश्यक कागजातहरु
१०. अनुसूचि-२ बमोजिमको रु. १० को हुलाक टिकट सहितको निवेदन
११. अनुसूचि-४ बमोजिमको कार्ययोजना, अनुसूचि-५ वमोजिमको स्वघोषणा पत्र
१२. अनुसूचि - ६ वमोजिमको कार्य स्थान खुल्ने नक्सा
१३. जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए कम्तीमा ५ (पाँच) वर्षको करार सम्झौता पत्र

**गर्न सकिने क्रियाकलापहरु:**

१. केज तथा खोर निर्मान २) अन्य आवश्यक यन्त्र/उपकरण तथा सामाग्री खरिद ३) उन प्रसोधन केन्द्र स्थापना ४) बजारीकरण सम्वन्धी क्रियाकलापहरु ५) कृषक समुह/कृषि सहकारीका प्रत्यक सदस्यले ५ वटा भाले पोथी खारयो हुने गरी कम्तीमा १०० वटा भाले पोथी खरायो हुने गरी कार्यक्रम संचालन गर्नु पर्ने ।

**नोटः** सूचनामा उल्लेखित कार्यक्रमको बिस्तृत जानकारीको लागि यस कार्यालयको फोन नं. ०१-५४४७३७७, ०१-५४४२४४९ वा यस कार्यालयको वेबसाईट www.vhleclalitpur.bagamati.gov.np बाट डाउनलोड गरि लिन सकिने

बागमती प्रदेश सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# पशु सेवा कार्यालय

लगनखेल, ललितपुर (कार्यक्षेत्रः काठमाण्डौं, भक्तपुर, ललितपुर)

## पुनः प्रस्ताव आव्हानको सूचना

सूचना नं. ३

**दोश्रो पटक प्रकाशित मितिः २०८१/०९/४**

यस पशु सेवा कार्यालय, ललितपुरको आ.व. २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार मिति २०८१/७/२२ मा प्रथम पटक प्रकाशित सुचना अनुसार तपशिलका कार्यक्रमहरुमा पर्याप्त प्रश्तावहरु पेश हुन नआएकाले पुनः सुचना गरिएको छ ।कार्यक्रममा समाबेश हुन इच्छुक एवं मापदण्ड पुरा गरेका पशुपालक कृषक समूह/सहकारी/निजी फार्मले तोकिएको समय सीमा भित्र आवश्यक कागजात सहित कार्यालय समय भित्र यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र आवेदन दर्ता गराउनु हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगि तथा म्याद नाघि दर्ता हुन आएका प्रस्तावहरु दर्ता गरिने छैन।

| क. सं. | कार्यक्रम | एकाई | परिमाण | कुल बजेट (लाख) | आवेदक | कार्यविधि | स्थान |
|---|---|---|---|---|---|---|---|
| १ | बंगुर प्रवर्द्धन कार्यक्रम | संख्या | ४ | १० | कृषक समूह/निजी फार्म | एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ | काठमाण्डौ,भक्तपुर र ललितपुर |
| २ | दुग्ध उत्पादन वृद्धि कार्यक्रम (दुध जोन कार्यक्रम) | संख्या | ५ | ४५ | निजी फार्म | | ललितपुर जिल्लाको कोन्ज्योसोम गा.पा. १, ५ बागमती गा.पा. ६,७ महाँकाल गा.पा. ४,५ र काठमाण्डौं जिल्लाको नागार्जुन न.पा. ६ र तारकेश्वर न.पा. २,३ |
| ३ | पशु आहारामा आत्मनिर्भर कार्यक्रम | हेक्टर | ३० | ३० | निजी फर्म/कृषक समूह/सहकारी | | काठमाण्डौं, भक्तपुर र ललितपुर |

### संलग्न गर्नुपर्ने कागजातहरु

१. सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि
२. कृषक समूह/सहकारी/निजी उद्यमीको संस्था दर्ता तथा नवीकरणको प्रतिलिपि
३. गत आ.वको लेखा परीक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
४. आवेदकको PAN वा VAT प्रमाण पत्रको प्रतिलिपि
५. कृषक समूह/सहकारी संस्थाको हकमा गत आ.वको साधारण सभाको बैठक निर्णय प्रतिलिपि
६. कार्यक्रममा सहभागिता सम्वन्धी (सहकारी/समूहको हकमा) कृषक समूह सहकारीको बैठकको निर्णय प्रतिलिपि
७. कार्यक्रममा सहभागी हुने सम्भावित कृषक समूह/ सहकारी संस्थाले प्रोत्साहन माग गर्दा अनिवार्य रुपमा कृपक छनौट गरी कृषकको नाम र ठेगाना खुलाईएको पत्र
८. कार्यक्रममा सहभागि गराईदिने सम्वन्धी सम्बन्धित स्थानीय तहको सिफारिस (पशु सेवा शाखाबाट पशुपन्छीको संख्या समेत खुलाउनुपर्ने)
९. अन्य आवश्यक कागजातहरु

**एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ भित्रका कार्यक्रमहरुमा संलग्न गर्नुपर्ने कागजातहरु**

१. अनुसूचि-२ बमोजिमको रु. १० को हुलाक टिकट सहितको निवेदन
२. अनुसूचि-४ बमोजिमको कार्ययोजना, अनुसूचि-५ बमोजिमको स्वघोषणा पत्र
३. अनुसूचि - ६ वमोजिमको कार्य स्थान खुल्ने नक्सा
४. जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए कम्तीमा ५ (पाँच) वर्षको करार सम्झौता पत्र

**दुध उत्पादन वृद्धि (दुध जोन) कार्यक्रम**

१. दैनिक १० लिटर वा सो भन्दा माथि दुध उत्पादन गर्ने निजी फार्म हुनुपर्ने
२. साझेदार संस्थाले पशुहरुको अनिवार्य विमा गरेको हुनुपर्ने

### पशु आहारामा आत्मनिर्भर कार्यक्रम

१.समूह/सहकारीको हकमा समवन्धित निकायमा दर्ता भइ नियमनुसार नविकरण , लेखा परिक्षण कर चुक्ता र वार्षिक साधारण सभा सम्पन्न गरेको कागजात पेश गर्नु पर्ने छ ।

२. जग्गाको क्षेत्रफल र स्वामित्व खुल्ने कागजात ।

### बंगुर प्रवर्द्धन कार्यक्रम

१.आवेदक संस्था निजि फार्म भएमा कम्तिमा २० (वीस) वटा माउ बंगुर हुनु पर्ने छ । समूह हकमा १० जना बंगुर पालक कृषक सदस्य भई प्रति सदस्य कम्तिमा ३ वटा माउ बंगुर पालेको हुनु पर्ने छ ।

२. समय अवधि बाँकि भएको पशु विमाको पोलिसि पेश गर्नु पर्ने छ ।

**नोटः** सूचनामा उल्लेखित कार्यक्रमको बिस्तृत जानकारीको लागि यस कार्यालयको फोन नं. ०१-५४४७३७७, ०१-५४४२४४९ वा यस कार्यालयको वेबसाईट www.vhleclalitpur.bagamati.gov.np बाट डाउनलोड गरि लिन सकिने